**Scholars' Journal**
ISSN: 2645-8381
Published by Scholars' Association of Nepal
A Multidisciplinary Peer Reviewed, Open Access Journal
https://www.nepjol.info/index.php/scholars

# नेपालमा मातृभाषामा शिक्षाको विद्यमान व्यवस्था र कार्यान्वयनको चुनौती

सुरेन्द्र कुमार बम
जगन्नाथ बहुमुखी क्याम्पस, बैतडी
सुदूरपश्चिम विश्वविद्यालय, नेपाल
Email: surendrabam25@gmail.com

**Article History: Received**: 29 August 2021; **Revised**: 04 December 2021; **Accepted**: 06 December 2021

## लेखसार

भाषिक विविधता नेपालको मुख्य विशेषता हो । भाषिक विविधतालाई सम्बोधन गर्नका लागि मातृभाषामा शिक्षाको व्यवस्थालाई संवैधानिक तथा नीतिगत रूपमा सुनिश्चित गरिएको छ । यसका लागि नेपालले विभिन्न अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा समझदारी पत्रमा हस्ताक्षर गर्नुका साथै संविधान, ऐन, नियम, पाठ्यक्रम, शैक्षिक योजना तथा कार्यक्रममा मातृभाषामा शिक्षाको व्यवस्था गरेको छ तर यस्तो व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन । विगतको लामो एकभाषिक नीतिको प्रभाव र बहुभाषिक शिक्षाको व्यवहारिक अनुभवको अभावले बहुभाषिकता सम्बोधनमा विभिन्न चुनौतीहरू देखिएका छन् । नेपालको समग्र बहुभाषिकताको भाषिक सर्वेक्षण तथा विश्लेषण नहुनु, अभिभावकहरूमा मातृभाषाप्रति अनास्था र अंग्रेजी तथा नेपाली भाषाको मोह हुनु, दक्ष एवम् तालिम प्राप्त जनशक्तिको अभाव, एउटै कक्षामा बहुभाषिक विद्यार्थी हुनु, स्तरीय पाठ्यसामग्रीको अभाव, अधिकांश भाषाको लेख्य रूप नहुनु, लेख्य रूप भएका भाषाको पनि मानक चयनमा समस्या हुनु, लिपिगत समस्या हुनु, आवश्यक पूर्वाधारको कमी तथा सरोकारवाला निकायबिच समन्वयको अभावजस्ता विभिन्न पक्षहरू मातृभाषामा शिक्षाका लागि चुनौतीका रूपमा रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत लेख मातृभाषामा शिक्षाको विद्यमान व्यवस्था र चुनौतीमा केन्द्रित रहेको छ । गुणात्मक अनुसन्धान अन्तर्गत दस्तावेज विश्लेषण ढाँचामा आधारित यस लेखमा पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ ।

***मुख्य शब्दावली :*** भाषिक विविधता, मातृभाषा, भाषिक नीति, बहुभाषिक शिक्षा, विद्यमान व्यवस्था

## परिचय

नेपाल बहुभाषिक, बहुसांस्कृतिक तथा बहुजातीय मुलुक हो । वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा १२३ भाषा र १२५ जातजाति रहेका छन् । जातजातिका आधारमा भाषालाई हेर्दा धेरै जाति एक साझा भाषाका रूपमा १० जातिले नेपाली, एक जाति एक भाषाका रूपमा ५३ जाति, एक जाति

*Copyright 2021 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

एकभन्दा बढी मातृभाषाका रूपमा ५ जाति, एक जाति तर स्थानअनुसार भिन्न मातृभाषाका रूपमा ४० जाति र जातिभाषाको पहिचान गर्न नसकिएका १७ जाति रहेका छन् (रेग्मी, सन् २०१७) । यसरी नेपालमा नेपाली धेरै जाति तथा बहुसङ्ख्यक मानिसको साझा तथा सम्पर्क भाषा रहेको छ भने अन्य धेरै भाषाहरू जातीय तथा क्षेत्रीय भाषाका रूपमा रहेका छन् । विभिन्न भाषाभाषीको बसोबास स्थिति हेर्दा नेपालमा विभिन्न भाषाका वक्ताहरूको जनसङ्ख्या अलगअलग क्षेत्रमा विचरित नभई छरिएर रहेको पाइन्छ । त्यसैले यिनको बसोबासमा जनघनत्व पनि कमै रहेको पाइन्छ (अधिकारी, २०६२, पृ.४४) । यसरी विभिन्न भाषाभाषीको बसोबास कतै एकल तथा प्रायः अन्तर्मिश्रित रहेको पाइन्छ । यहाँको बहुभाषिकता र बहुजातीयता अन्तरसम्बन्धित छन् । त्यसैले नेपालको भाषिक स्थिति भनेको जाति र भाषाबिचको पारस्परिक अन्तर्क्रियाबाट सृजित जाति-भाषिक द्विपक्षीय संरचना हो (यादव २०७४, पृ. ३२०) । भाषा प्रयोगको स्थितिले हेर्दा नेपालको अधिकांश जनसङ्ख्या (१ करोड ५६ लाख मानिसहरू, ५९%) एकभाषी भएको र बाँकी एक करोड १० लाख मानिसहरू (४१%) ले कम्तीमा दुईवटा भाषा बोल्ने गरेको हालको जनगणनाले देखाएको छ (सील, यादव र कँडेल, २०७३, पृ.२७) । यसले स्वभाविक रूपमा नेपालका विद्यालयका कक्षामा एकभाषी तथा बहुभाषी  दुवै  विद्यार्थी रहेको पाइन्छ ।

नेपालले भाषिक विविधताको सम्बोधनका लागि अन्तर्राष्ट्रिय रूपमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र (१९४८), बालअधिकारसम्बन्धी महासन्धि (१९८९), आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र (२००७) आदि सन्धि, सम्झौतामा प्रतिबद्धता जनाएको छ । त्यसैगरी राष्ट्रिय रूपमा नेपालको संविधान २०७२ ले भाषाका आधारमा कुनै भेदभाव नगरिने तथा नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई कानुनबमोजिम मातृभाषामा शिक्षा पाउने कुरालाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ । शिक्षा ऐन तथा नियमावलीमा प्राथमिक शिक्षा मातृभाषामा दिन सकिने व्यवस्था गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले पाठ्यक्रमको राष्ट्रिय खाकाका आधारमा विद्यालयले नै स्थानीय भाषामा पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गरी लागू गर्न सक्ने व्यवस्था गरेको छ । त्यसै गरी बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ ले बहुभाषिक शिक्षासम्बन्धी स्पष्ट नीतिगत व्यवस्था गरेको छ । यसले मुख्य रूपमा एकल मातृभाषी विद्यालय, द्विभाषी विद्यालय र बहुभाषी विद्यालय रहने रणनीति अघि सारेको छ । नेपाल सरकारले फिनल्याण्ड सरकारको सहयोगमा वि.सं. २०६४ देखि २०६६ सम्म छ जिल्लाका सात विद्यालयमा र आठ भाषामा  बहुभाषिक शिक्षा कार्यक्रम परीक्षण गरिसकेको छ । यो कार्यक्रम हाल देशैभर विभिन्न भाषामा विस्तार भएको पाइन्छ । बहुभाषिक शिक्षा कार्यक्रम परीक्षणका सुरुका वर्षमा विद्यार्थी सङ्ख्या बढेको, विद्यार्थीले रमाइ रमाइ सिकेको, कक्षा छोड्ने तथा कक्षा दोहोऱ्याउने सङ्ख्या कम भएको, विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि भएको (रिमाल, २०७१, शैजविके, २०७२) जस्ता सकारात्मक तथ्य बाहिर आए पनि पछिल्ला वर्षहरूमा मातृभाषी विद्यालय मध्ये केहीले अंग्रेजी माध्यमबाट पठनपाठन गरेको, मातृभाषाप्रतिको आकर्षण कम भएको, मातृभाषामा शिक्षा प्रभावकारी नभएको (फ्याक, सन् २०११, रिमाल, २०७१, सील र अन्य, २०७३) जस्ता समस्या र चुनौती देखिन थालेका छन् ।

मातृभाषामा शिक्षालाई नेपालको संविधान २०७२ ले मौलिक हकका रूपमा स्थापित गरेको छ। यसको कार्यान्वयनका लागि गरिएका विद्यमान व्यवस्था र तिनको कार्यान्वयनमा देखिएका चुनौतीको निरूपण गर्नु यस अध्ययनको मूल समस्या हो। यस मूल समस्यासँग सम्बद्ध अन्य मुख्य प्रश्न यसप्रकार छन् :

१. नेपालमा मातृभाषामा शिक्षाका लागि विद्यमान व्यवस्था के कस्तो छ ?

२. मातृभाषामा शिक्षाको व्यवस्था कार्यान्वयनमा के कस्ता चुनौतीहरू रहेका छन् ?

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धानअन्तर्गत दस्तावेज विश्लेषण ढाँचामा आधारित रहेको छ। यसका लागि पुस्तकालयबाट सामग्रीहरू सङ्कलन गरिएको छ। प्राथमिक सामग्रीका रूपमा मातृभाषामा शिक्षा (विषय र माध्यम) सम्बन्धी कानुनी तथा नीतिगत रूपमा उल्लेख गरिएका आधिकारिक सामग्री संविधान, ऐन, नियम, पाठ्यक्रम, निर्देशिकालाई लिइएको छ। त्यसैगरी शीर्षकसँग सम्बन्धित पुस्तक, जर्नल एवम् अध्ययन प्रतिवेदनहरूमा प्रकाशित सामग्रीलाई द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ। यस लेखमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ।

## परिणाम र छलफल

प्रस्तुत लेखको अघिल्लो शीर्षकमा वर्णन गरिएको अध्ययन विधि अनुसार सङ्कलित दस्तावेजका सामग्रीलाई यस खण्डमा विश्लेषण गरिएको छ। विश्लेषणका क्रममा प्राप्त परिणामलाई मातृभाषामा शिक्षाको अवधारणा, मातृभाषामा शिक्षाको आवश्यकता, नेपालमा मातृभाषामा शिक्षाका नीतिगत व्यवस्था/विद्यमान प्रावधान र मातृभाषा शिक्षणका चुनौतीका आधारमा बेग्लाबेग्लै उपशीर्षकमा राखी व्याख्या विश्लेषण गरिएको छ।

### मातृभाषामा शिक्षाको अवधारणा

बालकले सबैभन्दा पहिले बोल्ने र सञ्चार गर्ने भाषा नै पहिलो भाषा हो। भाषा सिकाइमा आमालाई पहिलो शिक्षिका मानिने हुनाले सर्वप्रथम सिकेको भाषालाई मातृभाषा पनि भन्ने गरिन्छ (अधिकारी, २०५९, पृ. ३६)। तर कहिलेकाही बाबु वा घरपरिवारको भाषा पहिलो हुन्छ र मातृभाषा पनि भनिन्छ। त्यसैले विद्वानहरू बालकले सर्वप्रथम सिकेको भाषालाई पहिलो भाषा र त्यसपछि सिकेको भाषालाई दोस्रो भाषा भन्ने गर्दछन् (अधिकारी, २०५९, पृ. १६१)। पहिलो वा मातृभाषा घरपरिवार, छरछिमेक, साथीभाइबाट अनौपचारिक रूपमा स्वतःस्फूर्त सिकिन्छ। मातृभाषामा शिक्षा भन्नाले विद्यार्थीको पहिलो भाषा वा उसले घरमा बोल्ने भाषालाई विद्यालयमा शिक्षण सिकाइको माध्यम भाषाको रूपमा प्रयोग गरिएको अवस्थालाई जनाउँछ (शैजविके, २०७२, पृ.४)। बालबालिकाले घर परिवारमा बोल्ने मातृभाषाका माध्यमबाट विद्यालयमा शिक्षण सिकाइ गराउनुलाई 'मातृभाषामा शिक्षा'

भनिन्छ र मातृभाषा विषयको रूपमा शिक्षण सिकाइ गराइने पद्धतिलाई 'मातृभाषाको शिक्षा' भनिन्छ (तामाङ, २०६९, पृ.९३-९४) । विद्यार्थीले कक्षामा निर्धक्क ढङ्गले आफ्नो मातृभाषामा बोल्न पाउनु, कुराकानी, छलफल गर्न पाउनु, पढ्न सिक्न पाउनु मातृभाषामा शिक्षा हो । नेपालका सन्दर्भमा मातृभाषामा शिक्षा भनेको पाठ्यक्रमले तोकेका विषयहरू जस्तैः सामाजिक अध्ययन, गणित, विज्ञान आदिलाई विद्यार्थीको मातृभाषाका माध्यमले शिक्षण सिकाइ गराउनु हो (शैजविके, २०७२) । भाषा विषयबाहेक अन्य विषय मातृभाषामा पढाउनु र भाषा विषयमा समेत आवश्यकता अनुसार विद्यार्थीको मातृभाषा प्रयोग गरेर बुझाउनुलाई मातृभाषामा शिक्षा भनिएको पाइन्छ (बम, सन् २०१९) ।

मातृभाषामा शिक्षा भनेको विद्यार्थीको पहिलो भाषा वा उसले घरमा बोल्ने भाषामा नै विद्यालयमा शिक्षा दिनु हो । मातृभाषालाई विषय र माध्यम गरी दुइटा विधिबाट कार्यान्वयन गर्ने गरिन्छ । मातृभाषाको शिक्षा र मातृभाषामा शिक्षा दुइटा फरक कुरा हुन् । मातृभाषाको शिक्षा भनेको मातृभाषासम्बन्धी विषयवस्तुको शिक्षा हो । मातृभाषामा शिक्षा भनेको चाहिँ पढाउने माध्यम हो (शैजविके, २०७६, ४९) । बालबालिकाले घरपरिवारमा बोल्ने मातृभाषाका माध्यमबाट विद्यालयमा शिक्षण सिकाइ गराउनुलाई मातृभाषामा शिक्षा भनिन्छ भने मातृभाषालाई विषयको रूपमा शिक्षण गर्नुलाई मातृभाषाको शिक्षा भनिन्छ । यसलाई क्रमशः मातृभाषाको माध्यमको शिक्षण र विषयको शिक्षण पनि भनिन्छ । माध्यमको रूपमा मातृभाषा शिक्षणमा विद्यालयमा पढाइ हुने भाषा विषयबाहेक अन्य विषय मातृभाषाका माध्यमबाट शिक्षण गरिन्छ र विषयका रूपमा मातृभाषा शिक्षणमा एउटा विषय मात्र मातृभाषामा शिक्षण गरिन्छ । मातृभाषामा शिक्षाका लागि कक्षामा भएका विद्यार्थीले बोल्ने भाषाअनुसार एकल भाषा वा बहुभाषाको प्रयोग गर्ने गरिन्छ । कक्षामा एउटै मातृभाषाका विद्यार्थीहरू छन् र त्यही भाषाका माध्यमले शिक्षण सिकाइ हुन्छ भने त्यसलाई मातृभाषामा शिक्षा भनिन्छ । विद्यालयका एउटै कक्षामा फरक फरक मातृभाषा बोल्ने विद्यार्थीहरू छन् र त्यहाँ विद्यार्थीको मातृभाषाअनुसार विभिन्न भाषाको प्रयोग गरिन्छ भने त्यसलाई मातृभाषामा आधारित बहुभाषिक शिक्षा भनिन्छ । मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई सरल भाषामा बहुभाषिक शिक्षा पनि भनिन्छ (शैजविके, २०७२) । त्यस्तै विद्यार्थीको आवश्यकताअनुसार एउटा विद्यालयमा एउटा मातृभाषा र अर्को विद्यालयमा अर्को मातृभाषा प्रयोग हुनु पनि मातृभाषामा आधारित बहुभाषिक शिक्षा हो । विषयवस्तुलाई विभिन्न मातृभाषाका माध्यमबाट बुझाउँदै दिइने शिक्षालाई नै समग्रमा बहुभाषिक शिक्षा भनिन्छ । विद्यार्थीको तहबाट हेर्दा यो मातृभाषामा शिक्षा हो भने विद्यालय व्यवस्थापन तथा योजनाको तहबाट हेर्दा यो बहुभाषिक शिक्षा हो । तसर्थ बालबालिकाको दृष्टिबाट मातृभाषामा शिक्षा भन्नु र बहुभाषिक शिक्षा भन्नु एउटै हो । अहिले संसारभरी नै मातृभाषामा दिइने शिक्षालाई बहुभाषिक शिक्षा भन्ने गरेको पाइन्छ । प्रकाशित सामग्रीहरूमा बहुभाषिक शिक्षालाई मातृभाषामा आधारित बहुभाषिक शिक्षा पनि लेखिएको हुन्छ (योञ्जन-तामाङ, २०६९, पृ,९४) । यसरी बहुभाषिक शिक्षा विद्यार्थीहरूलाई उनीहरूकै मातृभाषामा शिक्षा दिने प्रक्रियाका रूपमा रहेको पाइन्छ ।

## मातृभाषामा शिक्षाको आवश्यकता

मातृभाषा हरेकको वैयक्तिक, सामाजिक, सांस्कृतिक तथा भाषिक पहिचानका रूपमा रहेको हुन्छ । मातृभाषा दैनिक प्रयोग व्यवहारमा आउने हुनाले यसका माध्यमबाट बालबालिकालाई ज्ञानआर्जन गर्न सहज हुन्छ । मातृभाषा भनेको बालकले घरपरिवारबाट सिकेको अभिव्यक्तिको पहिलो, सरल, सहज र सबल भाषा हो । विद्यालय जाने उमेरका अधिकांश बालबालिकाहरूले आफ्नो मातृभाषा मात्र जानेका हुन्छन् । उनीहरूले मातृभाषामा आफ्नो घरपरिवार, रहनसहन, रीतिरिवाज आदिका बारेमा न्यूनतम जानकारी हासिल गरेका हुन्छन् । त्यसैले विद्यालयमा मातृभाषामा शिक्षण भए बालबालिकाहरूलाई बुझ्न सजिलो हुन्छ भने दोस्रो भाषामा पठनपाठन भए उनीहरूलाई बुझ्न कठिन हुन्छ । उनीहरू सहज ढङ्गले दोहोरो कुराकानी गर्न सक्दैनन् (बम, सन् २०१९) । सुरुमै विद्यार्थी परिचित नभएको भाषामा शिक्षा दिँदा उनीहरूलाई विद्यालय तथा सिकाइबाट बिच्किन्छन् । यो बालबालिकाहरूलाई आफ्नै समुदायका अन्य सदस्यहरूसँग सामूहिक रूपमा आफ्नो भाषा प्रयोग गर्ने अधिकारबाट बञ्चित गर्न पाइने छैन भन्ने बाल अधिकार तथा मानव अधिकारका विश्वव्यापी दृष्टिले पनि अनुपयुक्त हुन्छ । नेपाल एक बहुभाषिक मुलुक हो । यहाँ १२३ भाषाहरू बोलिन्छन् । संविधानको धारा ३१ उपधारा ५ मा “प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ” भनेर हरेक मातृभाषीका बालबालिकाले आफ्नो मातृभाषामा पढ्न पाउने कुरालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ । बालबालिकालाई नजानेको भाषाभन्दा घरपरिवारबाटै जानेको मातृभाषाको माध्यमबाट शिक्षण सिकाइ गर्दा सिकाइ प्रक्रिया बढी प्रभावकारी हुन्छ । त्यसैगरी बालबालिकाको मातृभाषामा शिक्षा दिँदा विद्यमान पाठ् यक्रमअनुकूल मातृभाषी बालबालिकाको घरपरिवार तथा समुदायमा रहेको ज्ञान, सामाजिक मूल्य र मान्यता एव्म सांस्कृतिक सम्पदालाई विद्यालय एवम् कक्षाकोठामा स्रोतको रूपमा प्रयोग गर्ने अवसर प्राप्त हुन्छ र यसबाट बालबालिकामा आत्मविश्वास र आत्मसम्मान बढ्छ । बालबालिकाले आफ्नो मातृभाषाको माध्यमबाट स्थानीय परिवेशका सामग्री शिक्षण सिकाइ गर्दा उनीहरू राम्ररी बुझ्छन्, सिक्दछन् र आफ्नो अध्ययनलाई निरन्तरता दिन सक्छन् (शैजविके, २०७२) । नेपाल बहुभाषिक देश भएकाले यहाँका अधिकांश विद्यालयमा विभिन्न भाषाका विद्यार्थीहरूको उपस्थिति रहेको पाइन्छ । विद्यालय जाने उमेरका अधिकांश बालबालिकाहरूले आफ्नो मातृभाषा मात्र जानेका हुन्छन् । उनीहरूले मातृभाषामा आफ्नो घरपरिवार, रहनसहन, रीतिरिवाज आदिका बारेमा न्यूनतम जानकारी हासिल गरेका हुन्छन् । त्यसैले विद्यालयमा मातृभाषामा शिक्षण भए बालबालिकाहरूलाई बुझ्न सजिलो हुन्छ भने दोस्रो भाषामा पठनपाठन भए उनीहरूलाई बुझ्न कठिन हुन्छ । उनीहरू सहज ढङ्गले दोहोरो कुराकानी गर्न सक्दैनन् । अवस्थी (सन् २००४) ले गरेको विद्यावारिधि शोधले बहुभाषिक कक्षामा नेपाली भाषाका माध्यमले मात्र पढाइ रहेको समयमा नेपाली मातृभाषी विद्यार्थीहरू सक्रियताका साथ भाग लिइरहेका, रमाइरहेका तर अरू मातृभाषी केही विद्यार्थीहरू कुनामा झोक्राएर चुपचाप बसिरहेको देखाएको छ । यसको अर्थ ती बालबालिकाहरूले केही सिक्न नसकेको र उनीहरूमा मानसिक आघात

परेको देखिन्छ (यादव र ढकाल, २०६८)। यसले मातृभाषामा शिक्षाको आवश्यकता रहेको प्रस्टै देखिन्छ। द्विभाषिकता सम्बन्धी पछिल्ला अध्ययनहरूले एकभाषिकहरूभन्दा द्विभाषिकहरूको बौद्धिक क्षमता माथिल्लो रहेको देखाएका छन् (अधिकारी, २०६५, पृ.३८)। द्विभाषिक बालकहरूमा संज्ञानात्मक विकास, सामाजीकरण, भाषिक लचिलोपन राम्रो भएको अध्ययनहरूले देखाएका छन्।

विभिन्न अध्ययनहरूले मातृभाषामा शिक्षा दिँदा शिक्षामा गुणस्तर कायम गर्न सहयोग पुगेको, शिक्षक र विद्यार्थीबिच शैक्षिक अन्तरक्रियामा वृद्धि भएको, शिक्षक र विद्यार्थीबिच सुमधुर सम्बन्ध भई विद्यार्थी सिकाइप्रति आकर्षित भएको, विद्यालयमा नियमितता बढी विद्यालय छोड्ने क्रम घटेको, मातृभाषाको माध्यमबाट सांस्कृतिक पक्षहरू बुझ्न सजिलो भएको, विद्यार्थीले रमाइ रमाइ सिकेको (योञ्जन-तामाङ, २०६९; रिमाल, २०७१; शैजविके, २०७२) जस्ता यसका सकारात्मक पक्षहरू उजागर गरेका छन्। पछिल्ला अध्ययनहरू (कमिन्स, १९९८ ; कमिन्स र स्वाइन, १९९६ ; टिकिआर्डेली, १९८९; डिआज, १९८६ ; हाकुला र डिआज, १९८५) ले द्विभाषिकताले बौद्धिक तथा भाषिक प्रगतिमा सकार ात्मक प्रभाव पार्ने एवम् संज्ञानात्मक विकास र वैचारिक लचकतामा सहयोग पुग्ने देखाएका छन् (सील र अन्य, २०७३, पृ. ९)। यसरी विद्यार्थीले जति धेरै भाषा जान्यो त्यतिनै उसको बुझ्ने, सोच्ने र व्यक्त गर्ने क्षमताको वृद्धि हुने हुनाले द्विभाषिकता संज्ञानात्मक र भाषिक प्रयोग क्षमताको विकासका लागि लाभदायक देखिन्छ। एउटै समाजमा विभिन्न मातृभाषाका व्यक्तिहरू रहेका हुन्छन्। एकअर्काका भाषिक व्यवहारमा सहभागी हुन बहुभाषिकताको ज्ञान आवश्यकता पर्दछ। भाषाको सम्बन्ध समुदायको गौरव, परम्परा, अस्तित्व र सांस्कृतिक गरिमासँग रहेको हुन्छ। भाषाको प्रयोग नहुनु तथा लोप हुनु भनेकै सम्बन्धित समुदायको संस्कृति, सांस्कृतिक परम्परा, लिपि र कलासमेतको उपेक्षा हुनु वा लोप हुनु नै हो (शैजविके, २०७६, पृ.५१)। समाजको परिचय तथा पहिचान भाषा, साहित्य र संस्कृतिले दिन्छ। भाषा बाँचे मात्र त्यस भाषाका वक्ताको पहिचान, साहित्य र संस्कृति बाँच्छन्। बालबालिकालाई मातृभाषामा पठनपाठन गराउँदा भाषा बाँच्छ र मातृभाषाको पुस्तान्तरण हुन्छ। यसले भाषाको संरक्षण र सम्बर्द्धनमा मद्दत पुग्दछ। विश्वका अधिकांश बहुभाषिक मुलुकहरूले मातृभाषामा प्राथमिक शिक्षा पाउनुलाई मौलिक अधिकारका रूपमा स्विकारेका छन्। त्यसैले शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न मातृभाषामा शिक्षालाई उच्च महत्व दिइएको छ (पाविके, २०७६, पृ. ४८)।

नेपाल बहुभाषिक देश भएकाले समग्रमा मातृभाषामा शिक्षा अर्थात् मातृभाषामा आधारित बहुभाषिक शिक्षा यहाँको भाषिक विविधताको सम्बोधन गर्न अतिआवश्यक रहेको छ। विभिन्न मातृभाषामा आधार भूत आपसी सञ्चार सिपको विकास गरी शिक्षण सिकाइलाई सक्रिय बनाउन तथा कक्षामा बालमैत्री वातावरणको विकास गर्न मातृभाषामा शिक्षा महत्वपूर्ण हुन्छ। मातृभाषा समुदायको पहिचान, साहित्य तथा संस्कृतिको अनुपम भण्डार हुने हुनाले मातृभाषाको संरक्षण र सम्बर्धन गर्न र यसका माध्यमबाट मौलिक संस्कृति र परम्पराको संरक्षण गर्न सकिन्छ। बालकले जानेको, बुझेको भाषामा सिक्न पाउनु

भाषिक मानव अधिकारको सम्मान र संवैधानिक तथा कानुनी प्रावधानको कार्यान्वयनका दृष्टिले पनि आवश्यक देखिन्छ। बोध र अभिव्यक्तिको सरल, सुगम, सहज र परिचित रहेको मातृभाषामा शिक्षा दिँदा

विद्यार्थीहरू रमाइ रमाइ सिक्छन्, उनीहरूको नियमितता बढ्छ, शिक्षक र विद्यार्थीका बिचमा सुमधुर सम्बन्ध स्थापना भई बिचैमा विद्यालय छाड्ने प्रवृत्ति कम हुन्छ र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सकिन्छ । स्थानीय स्रोत साधन, जनशक्ति र ज्ञान, सिप, प्रविधिको उपयोय गरी कम खर्चमा बढी प्रतिफल प्राप्त गर्न सकिन्छ । यसबाट राज्यले हामीलाई विभेद गर्‍यो भनेर भाषिक आन्दोलन गर्नुपर्ने अवस्थाको अन्त्य भई पूर्ण रूपमा विकेन्द्रीकरणको अभ्यास हुन्छ । यसले सङ्घीयलाई अझ मजबुद बनाउन मद्दत गर्दछ । द्विभाषिकताबाट बालबालिकाहरूको संज्ञानात्मक विकास र भाषिक लचकतामा पनि वृद्धि हुन्छ । त्यसैले आधारभूत तहमा मातृभाषामा शिक्षा संवैधानिक, कानुनी, बाल अधिकार तथा शिक्षा मनोविज्ञानका दृष्टिले आवश्यक र महत्वपूर्ण रहेको छ ।

## नेपालमा मातृभाषामा शिक्षाका नीतिगत व्यवस्था/विद्यमान प्रावधान

मातृभाषामा शिक्षाका लागि नेपालको संविधान, ऐन, नियम, निर्देशिका, शैक्षिक योजना, पाठ्यक्रम आदिमा गरिएको व्यवस्था नै नीतिगत व्यवस्था वा विद्यमान प्रावधान हो । त्यसैगरी मातृभाषामा शिक्षासँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा नेपालले हस्ताक्षर गरेको छ र ती पनि नेपालको शैक्षिक नीतिका अङ्ग बनेका छन् । त्यसैले मातृभाषाको शिक्षाको व्यवस्थालाई प्रस्ट्याउने क्रममा नेपालका विभिन्न दस्तावेज र अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा रहेका प्रावधानलाई हेर्नुपर्छ । हाल कार्यान्वयनमा रहेका नीतिहरूमा मातृभाषाका बारेमा निम्नानुसार उल्लेख भएको छ :

### *नेपालको संविधान*

सर्वप्रथम नेपालको संविधान (२०४७) ले मातृभाषामा प्राथमिक तहसम्म शिक्षा दिन सकिने व्यवस्था गरेको पाइन्छ । त्यसपछि नेपालको अन्तरिम संविधान (२०६३) ले मातृभाषामा शिक्षा पाउने कुरालाई मौलिक हकका रूपमा राखेको छ । हाल कार्यान्वयनमा रहेको नेपालको संविधान (२०७२) को भाग ३ मा मौलिक हकको व्यवस्थाअन्तर्गत धारा ३१ मा शिक्षासम्बन्धी व्यवस्था गरिएको छ । यसको उपधारा (१) मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ भन्ने व्यवस्था गरिएको छ भने सोही धाराको उपधारा (५) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ । धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ । यसको उपधारा (१) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने छ, उपधारा (२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ र उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ । यसरी नेपालको विद्यमान संविधानले मातृभाषामा शिक्षालाई मौलिक हकका रूपमा स्पष्ट व्यवस्था गरेको छ ।

### *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९*

राष्ट्रिय शिक्षा आयोग २०४९ ले मातृभाषाको प्रयोगका बारेमा यस प्रतिवेदनले बहुभाषिक समुदायका बालबालिकाहरूलाई स्थानीय मातृभाषाको अध्ययन गर्न प्रोत्साहित गर्ने र नेपाली मातृभाषा नभएका नेपालका अन्य राष्ट्रिय भाषाभाषी क्षेत्रका विद्यालयमा शिक्षाको माध्यमका रूपमा राष्ट्रिय भाषाको प्रयोग गर्न सकिने, नेपालीबाहेक नेपालमा बोलिने अन्य भाषाहरूमा पठनपाठनका लागि चाहिने आवश्यक पाठ्यसामग्री उपलब्ध हुन नसकेमा त्यस्ता पाठ्यसामग्री उपयुक्त मात्रमा उपलब्ध नभएसम्म लेखपढ नेपाली भाषामा गरी आवश्यक व्याख्या र निर्देशन आदि कार्य मातृभाषामा गर्ने सकिने सिफारिस गरेको छ ।

### *राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन २०५०*

नेपाल अधिराज्यको संविधान २०४७ का भाषासम्बन्धी प्रावधान कार्यान्वयनका लागि उपयुक्त नीति तर्जुमा गर्न शिक्षा तथा खेलकुद मन्त्रालयलाई सुझाव दिन २०५० जेठ १४ गते तिलबिक्रम नेम्वाङ (वैरागी काँइला) को संयोजकत्वमा राष्ट्रिय भाषा नीति सुझाव आयोगको गठन गरिएको थियो । यसले भाषासम्बन्धी विभिन्न महत्वपूर्ण सुझाव दिएको थियो । यसले दिएका मातृभाषाको शिक्षणसँग सम्बन्धित सुझावहरू यसप्रकार छन् :

१. प्राथमिक तहमा मातृभाषामा शिक्षा दिँदा लेख्य परम्परा भएका, लेख्य परम्परा उन्मुख र लेख्य परम्परा नभएका गरी राष्ट्रिय भाषाहरूलाई प्राथमिकता दिनुपर्ने,
२. शतप्रतिशत मातृभाषी विद्यार्थीहरू भएका प्राथमिक विद्यालयमा मातृभाषाका माध्यममा शिक्षा दिनुपर्ने, दुई किसिमका मातृभाषी विद्यार्थीहरू भएका विद्यालयमा द्विभाषिक शिक्षा र बहुभाषी विद्यार्थीहरू भएका विद्यालयमा राष्ट्रभाषाको माध्यममा शिक्षा दिनुपर्ने,
३. जनसहभागितामा खोलिएका र खोलिने मातृभाषी विद्यालयलाई सरकारले स्वीकृति र अनुदान दिनुपर्ने,
४. मातृभाषी, द्विभाषी र राष्ट्रभाषी तीनै प्रकारका विद्यालयमा विषयका रूपमा मातृभाषा पढ्न पाउने व्यवस्था गर्ने,
५. निम्नमाध्यमिक तहमा संस्कृत विषयको सट्टा वैकल्पिक विषयका रूपमा मातृभाषा पढाउने व्यवस्था गर्नुपर्ने

यसरी यस आयोगले भाषासम्बन्धी गहन र महत्वपूर्ण सुझाव दिएको देखिन्छ । यसै आयोगको सिफारिसपछि नेपालमा प्राथमिक तहमा विषयका रूपमा मातृभाषा शिक्षणको थालनी भएको पाइन्छ ।

### *राष्ट्रिय पाठ्यक्रम प्रारूप*

राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई विद्यालय शिक्षाको महत्वपूर्ण मार्गदर्शक दस्तावेज मानिन्छ । वि. सं. २०६३ सालमा पहिलो पटक निर्माण गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई २०७१ सालमा परिमार्जन

गरिएको पाइन्छ । नेपालको संविधान २०७२ अनुसार पुनः २०७६ सालमा राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास गरिएको छ । यस प्रारूपले पाठ्यक्रमसम्बद्ध समसामयिक र महत्वपूर्ण पक्षहरू, मुद्दा एवम् चुनौतीहरूअन्तर्गत मातृभाषिक मुद्दाको विश्लेषण गरेको छ । मातृभाषा शिक्षणका सन्दर्भमा उक्त प्रारूपले निम्नानुसारका व्यवस्था गरेको छ :

(क) विद्यायल शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा कक्षा १ देखि ३ सम्म साप्ताहिक ५ पाठ्यभार र कक्षा ४ देखि ८ सम्म साप्ताहिक ४ पाठ्यभारको स्थानीय पाठ्यक्रमका रूपमा मातृभाषा वा अन्य स्थानीय विषय समावेश गरिने र माध्यमिक तहमा ऐच्छिक विषयका रूपमा विभिन्न भाषाका पाठ्यक्रमहरू रहने छन् ।

(ख) आधारभूत तहको कक्षा ८ सम्मको पाठ्यक्रम संरचनामा समेटिएको मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम, पाठ्यपुस्तक एवम् पाठ्यसामग्री विकास सम्बन्धित स्थानीय तहले गर्ने छ ।

(ग) मातृभाषामा शिक्षा पाउने अवस्थाको सुनिश्चितताका लागि सम्बन्धित बालबालिकाका अभिभावक र विद्यालयको परामर्शमा मातृभाषामा पठनपाठनको व्यवस्था स्थानीय तहले गर्ने छ ।

### *प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ र २०६५*

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ र २०६५ ले मातृभाषाका सन्दर्भमा निम्नानुसारको व्यवस्था गरेको छ :

(क) विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनोट गर्नुपर्ने,

(ख) मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निर्माण गर्न सकिने र समान भाषिक विशेषता भएमा जिल्लाभर एउटै खालको पाठ्यक्रम निर्माण गर्न सकिने,

(ग) स्थानीय विषय/मातृभाषाका लागि पाठ्यभार ४ र पूर्णाङ्क १०० हुने व्यवस्था गरेको छ ।

### *बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६*

बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ ले मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई हाल सञ्चालित शैक्षिक कार्यक्रमभन्दा बेग्लै नभएर समग्र शैक्षिक प्रणालीको अभिन्न अङ्गका रूपमा लिएको छ । यसले बहुभाषिक शिक्षाको परिचय, कार्यढाँचा (शिक्षणको माध्यम र विषयका रूपमा), मातृभाषामा शिक्षाको कार्यान्वयनका लागि अवश्यक पर्ने पूर्वाधार तयार पार्ने प्रक्रिया, स्वीकृति लिने प्रक्रिया, शिक्षकको व्यवस्था, कार्यान्वयनमा जिम्मेवार निकायहरू विद्यालय, स्थानीय निकाय, स्रोतकेन्द्र, जिल्ला शिक्षा समिति तथा राष्ट्रिय बहुभाषिक शिक्षा निर्देशक समिति आदिको गठन, काम, कर्तव्य र अधिकार र पाठ्यक्रम तथा पाठ्यसामग्रीको निर्माणसम्बन्धी स्पष्ट व्यवस्था गरेको छ । यस निर्देशिकाले मातृभाषामा शिक्षाको कार्यान्वयनमा स्थानीय विद्यालय, निकाय र स्रोतकेन्द्रलाई बढी जिम्मेवारी दिएको छ भने नीति निर्माण र समन्वयको जिम्मेवारी जिल्ला र केन्द्रीय निकायलाई दिएको छ ।

### *आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०६९*

आधारभूत तहको कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रम २०६९ मा मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय भनी यसलाई पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ । संस्कृत र गुरुकुल शिक्षातर्फ स्थानीय पाठ्यक्रमका बारेमा व्यवस्था गरिएको छैन भने गोन्पा तथा विहार शिक्षातर्फ स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य विषय भनी पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ । यसलाई निम्नानुसार प्रस्ट पारिएको छ :

(क) विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट, पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैँले गर्ने छ ।

(ख) मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालय आफैँले निर्माण गर्ने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्लास्तरमा र स्रोतकेन्द्रस्तरमा मात्र मिल्ने विषय भएमा स्रोतकेन्द्रस्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिने छ ।

### *विद्यालय क्षेत्र विकास योजना २०७३/७४-२०७९/८०*

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय गणतन्त्रात्मक राज्य संरचनाअनुरूप राष्ट्रको सामाजिक-आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउने दूरदृष्टि राखी विद्यालय क्षेत्र विकास योजनाको निर्माण गरी लागू गरिएको छ । यस योजनाले अवलम्बन गरेको परिवर्तनको सिद्धान्तअन्तर्गत शिक्षाको भाषा रणनीतिक कार्यक्रममा मातृभाषामा शिक्षा दिनुपर्ने र गैरनेपाली मातृभाषी बालबालिकालाई पनि नेपाली भाषा सिक्न अभिप्रेरित गराउने उद्देश्य उल्लेख छ । यसमा बालबालिकालाई मातृभाषामा शिक्षा दिनुपर्ने, मातृभाषाका साथै नेपाली र अङ्ग्रेजी भाषाका सिपको विकास गराई सोको प्रयोगद्वारा प्राज्ञिक, सामाजिक, आर्थिक समृद्धि र जीवन्त समाजको निर्माण गर्ने क्षमता विकास गर्न भाषा शिक्षा प्रारूप तयार गर्ने, विद्यालयमा प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक शिक्षादेखि कक्षा ३ सम्म बालबालिकाको सिकाइमा मातृभाषाको अहम् भूमिका रहने हुँदा यस्ता विद्यालयमा तिनका सिकाइमा मातृभाषाको प्रयोग गर्दै क्रमशः माध्यम भाषाका रूपमा नेपालीतर्फ रूपान्तरण गर्न सहयोग गर्ने, विद्यालयमा नेपाली इतरका मातृभाषाको सम्मान गर्ने, नेपाली भाषामा भएको प्रारम्भिक पढाइ सिप कार्यक्रमको सिकाइका आधारमा अन्य मातृभाषामा पनि सिकाइ सामग्रीको विकास र विस्तार गर्ने, शिक्षकहरूलाई विशेष प्रकारको तालिम दिई मातृभाषामा पढाउने र त्यसबाट नेपालीमा रूपान्तरण गर्ने तालिम सञ्चालन गर्ने, द्विभाषिक शिक्षकको व्यवस्था गर्ने, प्रारम्भिक कक्षामा माध्यम भाषा तथा मातृभाषा शिक्षण, विद्यालयहरूमा त्रैभासिक शिक्षण अनुसरण गर्ने तथा नेपालीबाहेक अन्य मातृभाषा भएका बालबालिकाका लागि विषयका रूपमा नेपाली भाषा शिक्षण गर्नेलगायत शिक्षाको माध्यम भाषाको नीति निर्धारण गर्ने, नेपाली तथा मातृभाषामा भाषागत दक्षतासहितको एकमहिने तालिम

लिएका शिक्षक वृद्धि गर्ने, दोस्रो भाषामा नेपाली सिक्नेका लागि माध्यम भाषा मातृभाषामा आधारित बहुभाषी शिक्षाका पेसागत विकासका सामग्री विकास गर्ने, लिङ्ग, जात तथा सांस्कृतिक भिन्नताका आधारमा पहुँच, छात्रवृत्ति वितरण र प्रारम्भिक कक्षामा मातृभाषामा शिक्षाका अवसर जस्ता नीति निर्देशहरूको पुनरावलोकन गर्ने, मातृभाषालाई सिकाइको आधारका रूपमा प्रयोग गर्दै मातृभाषामा बोलाइ सिपको विकास गराउने तथा मातृभाषाका माध्यमबाट साक्षरता सिपको विकास गराउने जस्ता महत्वपूर्ण कुराहरू उल्लेख गरिएको छ ।

### *शिक्षा ऐन २०२८ (संशोधनसहित)*

शिक्षा ऐन २०२८ (संशोधन सहित २०७४) को शिक्षाको माध्यम (दफा ७.२ (क) मा “प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ” भन्ने प्रावधान राखिएको छ । यसै दफाको (ग) मा “भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ” भन्ने प्रावधान राखिएको छ ।

### *स्थानीय सरकार सञ्चालन ऐन २०७४*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) (४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमनसम्बन्धी व्यवस्था गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । यस्तै उक्त ऐनको दफा ११ (फ) मा भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास तथा ११ (फ) (१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी स्थानीय स्तरको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ ।

### *भाषा आयोगको प्रतिवेदन २०७५*

नेपालको संविधान २०७२ मा भएका भाषासम्बन्धी प्रावधानलाई कार्यान्वयनका लागि सरकारलाई सिफारिस गर्न संविधानबमोजिम लवदेव अवस्थीको अध्यक्षतामा भाषा आयोग गठन गरिएको थियो । यसले विद्यालय तहमा सामुदायिक एवम् संस्थागत विद्यालयमा मातृभाषाको माध्यमबाट शिक्षा उपलब्ध गराउने प्रावधानका साथै मातृभाषा विषयको रूपमा पठनपाठन गर्नुपर्ने, राष्ट्रभाषाहरूको पाठ्यसामग्रीमा स्थानीय ज्ञान, सिप, अभ्यास र वातावरणलाई समावेश गराई उपयोगी र व्यावहारिक बनाउन स्थानीयस्तरमा पाठ्यक्रम, पाठ्यपुस्तक तयार गर्न स्थानीयस्तरमा क्षमता विकास गर्नंपर्ने, सङ्घ, प्रदेश तथा स्थानीय तहले नेपालका संस्थागत तथा सामुदायिक विद्यालयमा नैतिक शिक्षा र सामाजिक शिक्षा विषयलाई माध्यमिक तहसम्म मातृभाषामा अध्ययन गर्न पाउने व्यवस्था मिलाउनु पर्ने, नेपालमा बोलिने विभिन्न मातृभाषामा आवश्यकताका आधारमा बालकन्द्रित सिकाइ सामग्री विकास गर्ने तथा विदेशी भाषामा विदेशमै बनेका यस्ता सामग्रीबाट मातृभाषामा हुने भाषिक र सांस्कृतिक अतिक्रमण रोक्न नेपाल सरकारले नीतिगत निर्णय गर्नंपर्ने, मातृभाषामा श्रव्य दृश्य सामग्री विकास गर्दा मौलिकता कायम राख्ने, आधारभूत तहमा मातृभाषा शिक्षालाई माध्यम र विषयका रूपमा प्रयोग गर्नुपर्ने र विषयका रूपमा मातृभाषाको पठनपाठन माथिल्ला कक्षाहरूमा निरन्तरता दिने व्यवस्था गर्नंपर्ने, मातृभाषामा

आधारित बहुभाषिक शिक्षा कार्यान्वयन गर्न विद्यालयगत भाषिक सर्वेक्षण गरेर विद्यालयहरूको पहिचान गरी योजनाबद्ध रूपमा कार्यक्रम सञ्चालन गर्नँपर्ने, शिक्षक नियुक्तिसम्बन्धी विद्यमान प्रावधान पुनर्विचार गरी आधारभूत तहमा मातृभाषी शिक्षकको आपूर्ति गर्न मातृभाषी पृष्ठभूमिका शिक्षकलाई प्राथमिकता दिने नीति अवलम्बन गर्नँपर्ने जस्ता मातृभाषा शिक्षणसँग सम्बन्धित महत्वपूर्ण सिफरिसहरू गरेको छ।

### *आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६*

हाल कार्यान्वयनमा रहेको आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रममा आधारभूत तहमा पाठ्यक्रम निर्माण तथा विकास गर्दा स्थानीय विषय स्थानीय तहले समावेश गर्ने, स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय ज्ञान, कला, संस्कृति, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित कुरा छनोट गर्नुपर्ने, स्थानीय विषयअन्तर्गत मातृभाषा वास्थानीय विषय समावेश गर्नुपर्ने, सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ, स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको समन्वयमा स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था उल्लेख गरिएको छ। आधारभूत तहको वर्तमान पाठ्यक्रमले कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यघण्टा र कक्षा कक्षा ४-८ सम्म साप्ताहिक ४ पाठ्यघण्टाको मातृभाषा वा स्थानीय विषय रहने व्यवस्था गरेको छ।

### *स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६*

आधारभूत तहको पाठ्यक्रममा राखिएको मातृभाषा/स्थानीय विषयको कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६ निर्माण गरिएको छ। यसले स्थानीय विषयका साथै मातृभाषा पाठ्यक्रमको सन्दर्भ र अवधारणा, विद्यमान अवस्था, मातृभाषाको पाठ्यक्रम र पाठ्यपुस्तकको ढाँचा, मातृभाषाका पाठ्यक्रम विकास र कार्यान्वयन सम्बन्धीनीतिगत व्यवस्था र मातृभाषा शिक्षणको कार्यान्वयन सम्बन्धी विभिन्न कुराहरूलाई स्पष्ट पारेको छ।

### *राष्ट्रिय शिक्षा नीति २०७६*

नेपालको संविधानकोमा गरिएका शिक्षासम्बन्धी व्यवस्था, विगतको समीक्षा र वर्तमान अवस्थाको विश्लेषण गरी बनाइएको राष्ट्रिय शिक्षा नीति २०७६/७/१८ गते नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत भएर लागू गरिएको छ। यसले मातृभाषा शिक्षासम्बन्धी व्यवस्था विगतको अनुभवको समीक्षा गर्दै नीति तथा कार्यनीतिअन्तर्गत स्पष्ट उल्लेख गरेको छ। यसमा एकल मातृभाषी कक्षामा मातृभाषा र मिश्रित भाषिक समूह भएका कक्षामा मातृभाषामा आधारित बहुभाषिक माध्यममा सिक्न पाउने अवसर प्रदान गर्न स्थानीय तहले योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइने, नेपालको भाषिक विविधता, बालबालिकाको रुचि र आवश्यकताअनुसार मातृभाषाको अतिरिक्त मातृभाषामा आधारित बहुभाषिक

शिक्षा, नेपाली र अंग्रेजी भाषालाई शिक्षणको माध्यम भाषाको रूपमा व्यवस्थापन गर्ने, आधारभूत तहमा अनिवार्य नेपाली भाषाका साथै सम्बन्धित विद्यार्थीको मातृभाषालाई पढाइको माध्यम बनाइने साथै गणित र विज्ञान विषयलाई अङ्ग्रेजी भाषामा पनि अध्यापन गर्न सकिने व्यवस्था गरिने, मातृभाषाका पाठ्यसामग्री, शिक्षण सामग्री तथा अन्य सामग्रीहरू (विद्युतीय सामग्रीहरू समेत) तयार गर्न प्रादेशिक तथा स्थानीय सरोकारवाला तथा विज्ञहरू परिचालन गरी निर्माण, छपाइ, वितरण, अनुगमन तथा मूल्याङ्कन गरिने, स्थानीय तहद्वारा आफ्नो स्थानको मातृभाषा, लिपि, साहित्य एवं संस्कृति संरक्षण, विकास गरी सो भाषाको पठनपाठन गर्न सक्ने व्यवस्था मिलाइने, नेपाली भाषाको शिक्षणलाई प्रबर्द्धन गर्दै नेपाली मौलिक कला, संस्कृति, सामाजिक अध्ययन सम्बन्धी विषय नेपाली भाषामा पठनपाठन गरिनेछ तर बहुभाषी कक्षाकोठामा मातृभाषामा आधारित बहुभाषी शिक्षण पद्धतिलाई प्रोत्साहित गरिने, गणित, अंग्रेजी भाषा, सामाजिक, व्यावसायिक तथा स्वावलम्बनका विषयहरूमा पनि स्थानीयकरण गरी शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउन सम्बन्धित स्थानीय तह तथा विद्यालयहरूलाई सोको लागि सक्षम बनाइने, मातृभाषाको संरक्षण र सम्बर्द्धन गर्न विद्यालयस्तरीय पाठ्यक्रम तथा पाठ्यसामग्रीमा मातृभाषालाई उचित स्थान दिइने, नेपालका मातृभाषामा सञ्चार सामग्री वा श्रव्य दृश्य सामग्री वा शैक्षिक सामग्री विकास गर्न सङ्घ, प्रदेश र स्थानीय तहले विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था मिलाइने कुरा उल्लेख गरिएको छ ।

### *अन्तराष्ट्रिय स्तरमा भएका सन्धि सम्झौता र प्रतिबद्धता*

अन्तराष्ट्रिय श्रम संगठन महासन्धिको धारा २८.१ मा “आदिवासी समुदायका बालबालिकाहरूलाई सम्भव भएसम्म उनीहरूकै मातृभाषामा लेखपढ गर्न सिकाइने छ” भन्ने व्यवस्था गरिएको छ । यसलाई नेपालले अनुमोदन गरिसकेकाले कानुनसरह बाध्यकारी भएको छ । त्यसैगरी बालअधिकारसम्बन्धी अनुबन्ध (१९८९) मा नेपालले हस्ताक्षर गरेको छ । यसको धारा ३० मा “जाति, धर्म वा भाषिक अल्पसङ्ख्यकहरू वा आदिवासी मूलका मानिसहरू बसोबास रहँदै आएको राज्यमा त्यस्ता अल्पसङ्ख्यकहरू वा आदिवासी बालबालिकाहरूलाई आफ्नै समुदायका अन्य सदस्यहरूसँग सामूहिक रूपमा आफ्नो भाषा प्रयोग गर्ने अधिकारबाट बञ्चित गर्न पाइने छैन” भन्ने व्यवस्था गरिएको छ । यसलाई नेपालले हस्ताक्षर गरिसकेकाले कानुनसरह बाध्यकारी भएको छ ।

यसरी नेपालमा मातृभाषामा शिक्षा दिन सकिने व्यवस्था सर्वप्रथम २०४७ सालको संविधानले गरे पछि त्यसलाई कार्यान्वयन गर्न शिक्षा आयोग (२०४९) र भाषा नीति सुझाव आयोग (२०५०) ले विभिन्न सुझाव दिएको पाइन्छ । त्यसपछि २०५० सालबाट विषयका रूपमा मातृभाषाको पठनपाठन प्रारम्भ भएको देखिन्छ । त्यसपछि शिक्षा ऐन २०२८ को सातौँ सशोधनबाट मातृभाषाका माध्यमबाट पनि प्राथमिक शिक्षा दिन सकिने व्यवस्था भएपछि माध्यमका रूपमा मातृभाषा शिक्षणको बाटो खुलेको पाइन्छ । त्यसपछिका का विभिन्न राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा पाठ्यक्रमले विषयका रूपमा र माध्यमका रूपमा मातृभाषाको शिक्षण गर्न सकिने व्यवस्था गरेका छन् । यही व्यवस्थालाई कार्यान्वयन

गर्न बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन जारी गरिएको छ । यसरी नेपालमा मातृभाषामा शिक्षा सम्बन्धी नीति, नियम र व्यवस्था संवैधानिक, कानुनी तथा नीतिगत रूपमा एक देड दर्जनभन्दा बढी दस्तावेजमा स्पष्ट उल्लेख गरिएको छ । यी सबैले मातृभाषाका माध्यमबाट शिक्षा दिने नीति र कार्यक्रमलाई जोड दिएका छन् । यी प्रावधानले बालबालिकाको आधारभूत तहसम्म आफ्नो मातृभाषामा शिक्षा पाउने अधिकारको सुनिश्चित गरेको देखिन्छ ।

## मातृभाषा शिक्षणका चुनौती

नेपाल बहुभाषिक मुलुक भएकाले यहाँका विद्यालयमा भाषिक विविधता पाइनु स्वभाविक देखिन्छ । भाषिक विविधता सम्बोधनका लागि नेपाल सरकारले संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था गरेर बहुभाषिक शिक्षा नीति लागू गरिसकेको छ । यसैक्रममा वि.सं. २०६४ सालदेखि २०६६ सालसम्म फिनल्याण्ड सरकारको सहयोगमा कञ्चनपुर, पाल्पा, रसुवा, धनकुटा, सुनसरी र झापा जिल्लाका सात ओटा विद्यालयमा क्रमशः राना थारु, मगर, तामाङ, आठपहरिया राई, पुर्वेली थारु, उराँव, राजबंशी र सन्थाल सहित आठ ओटा भाषामा बहुभाषी शिक्षा कार्यक्रम परीक्षण गरिएको थियो (शैजविके, २०७२) । त्यसैगरी पाठ्यक्रम विकास केन्द्रले २०७५ सम्म मैथिली, भोजपुरी, अवधि, थारु, तामाङ, नेवार, लिम्बू, राई बान्तवा, राई चाम्लिङ, शेर्पा, मगर, गुरुङ, सुनुवार, राजबंशी, मुगाली, याक्खा, थारु (मध्य क्षेत्र), तामाङ (सम्भोटा), धिमाल, मगरा (अठार मगरात ) बज्जिका, कुलुङ, चेपाङ, खालिङ राई, माझी गरी २५ भाषा विषयका कक्षा १-५ सम्मका पाठ्यपुस्तक निर्माण गरेको छ भने विभिन्न १५ वटा भाषामा सन्दर्भ सामग्री निर्माण गरेको छ । यस्ता सामग्री हाल स्थानीय तहबाट विभिन्न भाषामा निर्माण भइरहेका छन् ।

नेपालमा बहुभाषिक शिक्षा लागू भएसँगै विभिन्न समस्या तथा चुनौती पनि देखिएका छन् । नेपालमा बहुभाषिक शिक्षाका नीति तथा रणनीतिहरूको पुनरावलोकन (सन् २००९) मा गैरपारस्परिक शिक्षणका प्रशिक्षित शिक्षकहरूको अभाव, साँघुरा र अपर्याप्त कक्षाकोठा तथा स्थानीय मातृभाषामा निपूर्ण शिक्षकको अभाव जस्ता समस्याले बहुभाषिक शिक्षण सिकाइलाई झन चुनौतीपूर्ण बनेको निष्कर्ष निकालिएको छ । त्यसैगरी नेपालमा बहुभाषिक शिक्षा शिक्षक स्वाध्ययन सामग्री (२०७२) मा मातृभाषामा शिक्षाका लागि सचेतता तथा जागरुकताको कमी, विगतको एकभाषिक अभ्यासको प्रभाव, पाठ्यसामग्रीको अभाव र बहुभाषिक अवस्थालाई चुनौतीका रूपमा औंल्याइएको छ । तामाङ (२०६९) का अनुसार नेपालको संविधान, ऐन कानुन, कार्ययोजनाले बहुभाषिक शिक्षाको बाटो खोलेका छन् । लोकतन्त्र स्थापनापूर्व मात्र विभिन्न १९ ओटा दस्तावेजमार्फत नेपाल सरकारले बहुभाषिक शिक्षाको प्रतिबद्धता जाहेर गरेको छ तर कार्यान्वयन गर्न सम्बन्धित निकायहरू उदासीन देखिएका छन् । रिमाल (२०७१) का अनुसार भाषिक विविधताको सम्बोधनमा मातृभाषी शिक्षकको व्यवस्था, शिक्षण सामग्रीको व्यवस्था, शिक्षक तालिम, भौतिक अवस्था, एउटै कक्षामा बहुभाषिक विद्यार्थी हुनु, पाठ्य सामग्रीको

निर्माणका लागि थप स्रोतको व्यवस्था नहुनु, उपयुक्त शैक्षिक सामग्रीको छनोट गर्नु चुनौतीपूर्ण रहेका छन् । मातृभाषी शिक्षाका केही प्रश्न र विकल्पमा महर्जन (२०७५) ले बहुभाषी विद्यार्थी, शिक्षकको अभाव, पाठ्यसामग्री तथा शैक्षिक सामग्रीको अभाव, अभिभावकको अनिच्छालाई मातृभाषामा शिक्षा प्रदान गर्न चुनौतीका रूपमा रहेको उल्लेख गरेका छन् । त्यसैगरी शिक्षामा अंग्रेजी माध्यमको प्रयोग भ्रम र यथार्थमा फ्याक (२०७५) ले अंग्रेजी माध्यम नै गुणस्तरीय शिक्षा हो, अंग्रेजी माध्यममा पढाउँदा अंग्रेजी राम्रो हुन्छ, मातृभाषाको प्रयोगले सिकाइ कमजोर हुन्छ जस्ता भ्रमले अभिभावकहरू अंग्रेजीप्रति आकर्षित भएकाले मातृभाषामा शिक्षा चुनौतीपूर्ण बनेको धारणा अगाडि सारेका छन् । माथिका भनाइहरूलाई मध्यनजर गर्दै कक्षामा बहुभाषिकता सम्बोधनका समस्या/चुनौतीहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### *बहुभाषिक अवस्था*

नेपाल बहुभाषिक मुलुक हो । वि. सं. २०६८ सालको जनगणनाआनुसार नेपालमा १२३ भाषा बोलिन्छन् । जनगणना (२०६८) मा प्रत्येक जिल्लामा बोलिने नेपालीलाई जिल्लाको नामबाट भाषाको नामाकरण गरिएको छ, जुन सतही र त्रुटिपूर्ण देखिन्छ (बम, सन् २०१९, पृ. २६५) । एक लाखभन्दा बढी जनसङ्ख्या भएका भाषाहरूलाई प्रमुख भाषा मानिन्छ । नेपालमा एक लाखभन्दा बढी जनसङ्ख्या भएका भाषाहरू यस प्रकार रहेका छन् :

तालिका १

*नेपालका प्रमुख भाषाहरू*

| क्र.सं. | भाषा | मातृभाषीहरू (प्रतिशतमा) | क्र.सं. | भाषा | मातृभाषीहरू (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| १. | नेपाली | ४४.६४ | ११. | अवधि | १.८९ |
| २. | मैथिली | ११.६७ | १२. | लिम्बु | १.३० |
| ३. | भोजपूरी | ५.९८ | १३. | गुरूङ | १.२३ |
| ४. | थारू | ५.७७ | १४. | बैतडेली | १.०३ |
| ५. | तामाङ | ५.११ | १५. | राई | ०.६० |
| ६. | नेवारी | ३.२० | १६. | अछामी | ०.५४ |
| ७. | बज्जिका | २.९९ | १७. | बान्तवा | ०.५० |
| ८. | मगर | २.९८ | १८. | राजवंशी | ०.४६ |
| ९. | डोटेली | २.९७ | १९. | शेर्पा | ०.४३ |
| १०. | उर्दू | २.६१ | जम्मा | ९५.९१ प्रतिशत | |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०६८*

माथि उल्लेखित प्रमुख १९ भाषाका नेपालमा करिब ९६ प्रतिशत वक्ताहरू रहेका छन् भने बाँकी १०४ भाषाका ४ प्रतिशत वक्ताहरू रहेका छन् । यी विभिन्न भाषाका वक्ताहरू खास खास क्षेत्रमा मात्र

नभई विभिन्न क्षेत्रमा छरिएर रहेका छन् । भाषा आयोग (२०७५) को प्रतिवेदनअनुसार प्रदेश १ मा १०६ भाषा, प्रदेश २ मा ८९ भाषा, प्रदेश ३ मा ११३ भाषा, प्रदेश ४ मा ८८ भाषा, प्रदेश ५ मा ८५ भाषा, प्रदेश ६ मा ५५ भाषा र प्रदेश ७ मा ८५ भाषा रहेका छन् । यसरी नेपालका सातवटै प्रदेशमा बहुभाषिकताको स्थिति रहेको छ । नेपालको भौगोलिक विकटता र विविधता अनुरूप नेपालभरि नै भाषाहरूको वितरणमा प्रशस्त विविधता रहेको छ । कुनै ठाँउमा एउटै भाषाभाषीको जनघनत्व निकै छ भने कुनै ठाँउमा विभिन्न भाषाभाषीहरू अन्तर्मिश्रित रूपमा बसोबास गर्छन् (अधिकारी, २०५९, पृ. १६९) । अझ सहरी तथा तराईं क्षेत्रमा त झन धेरै भाषाका मानिसको एउटै ठाँउमा बसोबास रहेको पाइन्छ । फलस्वरूप साझा बसोबास भएका सहरी क्षेत्र तथा बस्तीका विद्यालयमा एउटै कक्षामा धेरै भाषाका विद्यार्थीहरूको असमान वितरण रहेको पाइन्छ । यस्तो स्थितिमा बहुसङ्ख्यकको मातृभाषाका माध्यमबाट शिक्षण गर्दा अल्पसङ्ख्यकमाथि अन्याय हुन्छ भने सबै भाषामा शिक्षण गर्न चुनौतीपूर्ण देखिन्छ । एउटै कक्षामा धेरै भाषाका माध्यमले शिक्षा प्रदान गर्नु आर्थिक तथा व्यवस्थापकीय दृष्टिले पनि चुनौतीपूर्ण देखिन्छ । त्यस्तै मातृभाषी विद्यार्थीहरूको असमान वितरणले गर्दा विषयका रूपमा सबै मातृभाषाको शिक्षण गर्न पनि चुनौतीपूर्ण रहेको छ ।

### *सचेतता तथा जागरुकताको कमी*

मातृभाषामा शिक्षाका लागि सम्बन्धित भाषाभाषीहरूमा आफ्नो भाषाप्रति सचेतता तथा जागरुकताको कमी अर्को चुनौतीका रूपमा रहेको पाइन्छ । मातृभाषा त घरमा नै सिकिहाल्छन् । मातृभाषामा शिक्षा लिएर के गर्ने, उच्च शिक्षा र रोजगारीका लागि प्रभावशाली भाषा नै चाहिन्छ, मातृभाषामा शिक्षाले बालबालिकाको शिक्षा कमजोर हुन्छ (रिमाल, २०७१; सील र अन्य, २०७३) जस्ता बुझाइले अभिभावकको मातृभाषामा शिक्षाप्रति अनिच्छा रहेको पाइन्छ । तर पछिल्ला अध्ययनले द्विभाषिकताले बालबालिकाको संज्ञानात्मक विकास तथा वैचारिक लचकतामा सहयोग पुऱ्याउने देखाएका छन् (सील र अन्य, २०७३) । मातृभाषाको सिकाइबाट विद्यार्थीको भाषा प्रयोगमा लचकता आउने तथा सम्बन्धित भाषा, संस्कृति, पहिचानको संरक्षण र सम्बर्द्धन हुने कुरा बुझाउनु चुनौतीपूर्ण छ । यहाँसम्म कि मातृभाषामा शिक्षा हुनुपर्छ भनेर अधिकारको लडाइ गर्ने अधिकारकर्मी अगुवाहरूले पनि आफ्ना छोराछोरीलाई मातृभाषामा शिक्षा नदिई अंग्रेजी वा नेपाली भाषामा शिक्षा दिन रुचाएको कटु यथार्थ देखिन्छ ।

### *उपयुक्त पाठ्यसामग्रीको व्यवस्था*

मातृभाषा शिक्षणका लागि कक्षा, विद्यार्थीको बालमनोविज्ञान, रुचि, क्षमता, स्तर, सामाजिक, सांस्कृतिक परिवेशअनुसारका उपयुक्त सामग्रीको व्यस्थापन चुनौतीका रूपमा रहेको छ । पाठ्यक्रम विकास केन्द्रले केही भाषाका पाठ्यपुस्तकहरू विकास गरेको छ तर ती नेपाली भाषाका पाठ् यपुस्तकलाई सिधै अनुवाद गरेर केन्द्रीय स्तरमा नै विकास गरिएको हो र तिनको स्थानीय स्तरमा अनुकुलन गरी वैधानिकता दिइएको छैन् (सील र अन्य, २०७३, पृ. ४६) । शिक्षा नीति (२०७६),

पआधारभूत तहको पाठ्यक्रम (२०७६) आदिले स्थानीय स्तरमा नै पाठ्यसामग्रीको विकास गर्न सकिने प्रावधान राखेका भए पनि यसका लागि प्राविधिक र आर्थिक रूपले सहयोग गर्ने स्पष्ट संयन्त्र छैन् (सील र अन्य, २०७३) । उनीहरूले बहुभाषिक शिक्षा परियोजना बन्द भएपछि स्थानीय रूपमा निर्माण भएका पाठ्यसामग्रीको पूनः मुद्रण नभएको जनाएका छन् । नेपालका धेरै भाषामा लेख्य सामग्री नै छैनन् भने लेख्य सामग्री भएका भाषामा पनि शैक्षणिक दृष्टिले स्तरीय र उपयुक्त पाठ्यसामग्रीको अभाव रहेको देखिन्छ । धेरै भाषा व्यापक रूपमा छरिएका हुनाले सम्बन्धित समुदायमा कसले के कस्ता भाषा बोल्छन् भन्ने पहिचान गर्नु र उक्त भाषामा उपयुक्त सामग्रीको निर्माण गर्नु चुनौतीपूर्ण छ (राना, सन् २०१८, पृ. ४९) । यसरी प्रशस्त र प्रभावकारी पाठ्यपुस्तकका अतिरिक्त सन्दर्भ पुस्तक, शिक्षक निर्देशिका, अभ्यास पुस्तिका आदि शैक्षणिक सामग्रीको अभावमा बहुभाषिक शिक्षा कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ ।

### *दक्ष र तालिम प्राप्त शिक्षकको अभाव*

मातृभाषा बोल्न जान्दैमा दक्ष शिक्षक हुन सक्दैन । दक्ष शिक्षक हुनका लागि आधारभूत रूपमा विद्यार्थीको मातृभाषा जान्नुका साथै शिक्षण, विधि, प्रक्रिया, विषयवस्तु, शिक्षण कौशल, बालमनोविज्ञान, मूल्याङ्कन प्रक्रिया आदिको ज्ञान आवश्यक हुन्छ । यस्तो अवस्थामा सम्बन्धित भाषामा शिक्षकको पेसागत विकास कसरी गर्ने भन्ने मुख्य चुनौती देखिएको छ (फ्याक, सन् २०११) । मातृभाषामा शिक्षा दिनका लागि दक्ष शिक्षकको व्यवस्थापन कहाँबाट र कसरी गर्ने ? उनीहरूलाई बहुभाषिक शिक्षासम्बन्धी तालिम कसले, कहाँ, कसरी, कतिसम्म दिने ? आदि कुरा स्पष्ट नभएकाले दक्ष शिक्षकको अभाव देखिन्छ । बहुभाषिक शिक्षा प्रभावकारी नहुनुमा दक्ष शिक्षकको अभाव एक प्रमुख कारण रहेको (शैजविके, २०७२, रिमाल, २०७१) देखिएको छ । बहुभाषिक कक्षामा शिक्षण गर्ने शिक्षकमा विभिन्न भाषामा शिक्षण गर्ने, समूहगत छलफल तथा क्रियाकलाप गर्ने/गराउने, समस्या समाधान गर्ने, सहजीकरण गर्ने सिपको आवश्यकता पर्दछ । यस्ता सिपयुक्त दक्ष र तालिम प्राप्त सम्बन्धित विद्यार्थीको भाषाजानेका शिक्षकको अभावमा चुनौतीका रूपमा रहेको देखिन्छ ।

### *विगतको एकभाषिक अभ्यासको प्रभाव*

नेपालमा कक्षामा बहुभाषिकताको प्रयोग नौलो अभ्यास हो । विगत लामो समयदेखि एकभाषिक नीतिमा अभ्यस्त भएका सरकारी निकाय, विद्यालय तथा शिक्षकहरूलाई बहुभाषिक शिक्षाका कक्षाको अनुभवको कमी देखिन्छ । जसका कारण एकलभाषी कक्षा र बहुभाषी कक्षाको अभ्यासमा खासै परिवर्तन हुन सकेको पाइदैन । शिक्षक तथा सरोकारवाला निकायहरूमा नेपाली भाषा तथा अंग्रेजी भाषाका माध्यमबाट शिक्षा दिए विद्यार्थीले बुझिहाल्छन्, एउटै भाषाका माध्यमबाट अभ्यास गरे भइहाल्यो जस्ता विगतको एकभाषी नीतिको प्रभाव देखिन्छ । विद्यार्थीको मातृभाषाको सम्मान गर्ने, मातृभाषामा कुराकानी, छलफल गर्न प्रोत्साहित गर्ने, मातृभाषाका माध्यमबाट पढ्न प्रेरित गर्ने अभ्यासको कमी देखिन्छ । मातृभाषा शिक्षणसम्बन्धी स्पष्ट संयन्त्र र स्रोतको व्यवस्था नहुनुमा पनि एकभाषिक नीतिको धडधडी जिम्मेवार रहेको देखिन्छ ।

### *भाषिक रूप चयनको समस्या*

नेपालमा कथ्य रूपमा जीवित अधिकांश भाषाहरूको लेख्य रूपको विकास भइसकेको पाइदैन । कथ्य बोलीचालीमा रहेका भाषाहरू ठाँउपिच्छे तथा व्यक्तिपिच्छे उच्चारणगत, शब्दभण्डारगत, वाक्यगत रूपमा केही भिन्न हुनु स्वभाविक मानिन्छ । एउटै भाषाका विभिन्न क्षेत्रीय तथा सामाजिक भेद हुन सक्छन् । लेख्य सामग्रीको निर्माण गर्दा मातृभाषामा विद्यमान भिन्न भिन्न रूपमध्ये कुन रूपलाई चयन गर्ने भन्ने चुनौती रहेको देखिन्छ । एउटा क्षेत्र र अर्को क्षेत्रको भाषामा फरक हुँदा उशी भाषामा लेखिएका सामग्री पनि अन्य क्षेत्रका बालबालिकालाई बुझ्न कठिन हुन्छ । उदाहरणका लागि रामेछापका तामाङभाषी लेखकले लेखेका कतिपय तामाङ शब्दहरू रसुवाका तमाङलाइ बुझ्न कठिन भएको देखिन्छ (सील र अन्य, २०७३, पृ. ४६) । यसरी एउटै भाषाका पाठ्यपुस्तक पनि भाषिक भेदअनुसार शब्द प्रयोग गर्नुपर्ने समस्या चुनौतीका रूपमा देखिन्छ ।

### *लिपिको समस्या*

नेपालका धेरै भाषा अझै पनि कथ्य रूपमा रहेका छनु । लेख्य रूपमा विकसित भएका भाषाहरूले पनि प्राय देवनागरी लिपिमा  नै  लेखिन थालेका छन्  । आफ्नो लिपि भएका मैथिली, नेवारी, तामाङ, लिम्बू आदि भाषामा समेत देवनागरी लिपि प्रयोग गरिएको छ तर उच्चारण रूपमा देवनागरी लिपिले प्रतिनिधित्व गर्न नसक्ने ध्वनि समेत अन्य भाषामा रहेका पाइन्छन् । तिनलाई कसरी सम्बोधन गर्ने भन्ने, मातृभाषामा आधारित सामग्रीमा कुन लिपिको प्रयोग गर्ने भन्ने समस्या रहेको देखिन्छ । सील र अन्य (२०७३) का अनुसार रसुवामा केही स्थानीय अगुवाहरूको पहलमा सम्बोटा लिपिमा लेखिएका पाठ्यपुस्तकहरूको प्रयोग गरियो तर यसले तामाङ बालबालिकाको सिकाइमा जटिलता सिर्जना गऱ्यो किनभने लामाहरूबाहेक शिक्षक आफैलाई पनि सम्बोटा लिपिका बारेमा थाहा थिएन ।

### *दक्ष जनशक्तिको अभाव*

राष्ट्रिय पाठ्यक्रम प्रारूप, आधारभूत तहको पाठ्यक्रम, बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका तथा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन आदिले मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय रूपमा निर्माण गरी लागू गर्न सकिने व्यवस्था गरेका छन् तर स्थानीय स्तरमा सम्बन्धित भाषाका दक्ष र विज्ञ जनशक्तिको अभाव र उनीहरूमा पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माणको तालिम तथा अनुभवको कमी रहेको पाइन्छ (रिमाल, २०७१; शैजविके, २०७२) । यसरी दक्ष जनशक्तिको अभावमा स्तरीय पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण गर्नु चुनौतीपूर्ण देखिन्छ । स्थानीय ज्ञान, सिप, प्रविधिलाई मातृभाषाका माध्यमबाट दिएर उनीहरूलाई स्थानीय उत्पादनसँग जोड्ने किसिमको पाठ्यक्रम, पाठ्यसामग्री निर्माण गर्न र तिनको प्रभावकारी शिक्षण गर्न दक्ष जनशक्तिको अभाव मातृभाषा शिक्षणका लागि चुनौती रहेको छ ।

### **अभिभावकमा अंग्रेजीको मोह**

अधिकांश अभिभावकमा आफ्ना छोराछोरीले अंग्रेजी जाने भविष्य राम्रो हुन्छ, देशविदेशमा काम लाग्छ, राम्रो रोजगारी पाउँछ, उच्च शिक्षा राम्रो हुन्छ भन्ने बुझाइ रहेको पाइन्छ । सामुदायिक विद्यालयभन्दा निजी विद्यालय रोज्नुको प्रमुख कारण अभिभावकहरूको अङ्ग्रेजी भाषाप्रतिको मोह रहेको देखिन्छ (सील र अन्य, २०७३, पृ. ३७) । कतिपयमा अंग्रेजी जान्नु नै गुणस्तरीय शिक्षा हो, मातृभाषाको शिक्षाले सिकाइ कमजोर हुन्छ, पढाइ बिग्रन्छ भन्ने भ्रम रहेको पाइन्छ । मातृभाषा त घरमै सिकिहाल्छन्, विद्यालयमा जसरी पनि अंग्रेजी सिक्नुपर्छ भन्ने अंग्रेजीको मोहले मातृभाषामा शिक्षा चुनौतीपूर्ण रहे को देखिन्छ (फ्याक, सन् २०११; साउद, सन् २०२०) । कतिपय संस्थागत विद्यालयहरूले विद्यालयमा मातृभाषा प्रयोग गर्न निषेध समेत गरेको पाइन्छ (राना, सन् २०१८) । यस्ता विद्यालयलाई नै सहरी क्षे त्रका अभिभावकहरूले बढी रुचाएको देखिन्छ । मातृभाषाका माध्यमबाट शिक्षा दिँदा कक्षामा विद्यार्थी सङ्ख्या कम हुने र अंग्रेजीका माध्यमबाट शिक्षा दिँदा कक्षामा विद्यार्थी सङ्ख्या बृद्धि हुने प्रवृत्ति पनि मातृभाषामा शिक्षाका लागि चुनौती देखिन्छ । धेरैजसो सरकारी विद्यालय घट्टै गएको विद्यार्थी भर्ना दर पुनः उकास्न मातृभाषामा आधारित शिक्षण विधि त्यागेको पाइयो (सील र अन्य, २०७३, पृ. ५०) । यसरी मातृभाषामा शिक्षण गर्न थालेका विद्यालयले विद्यार्थी सङ्ख्या बढाउन अङ्ग्रेजी माधयमबाट शिक्षा दिन थाल्नु मातृभाषामा शिक्षाका लागि गम्भीर चुनौती हो ।

### *मातृभाषा शिक्षणका लागि पूर्वाधारको अभाव*

बहुभाषिक शिक्षाका लागि सम्बन्धित भाषाको भाषिक सर्वेक्षण, आवश्यकता विश्लेषण, भाषा चयन, भाषिक विश्लेषण, शब्दसङ्कलन, शैक्षिक व्याकरण निर्माण, स्तरीय पाठ्यसामग्री निर्माण, शिक्षक व्यवस्थापन र तालिम जस्ता पूर्वाधारको विकास आवश्यक हुन्छन् (शैजविके, २०७६) । साथै कक्षामा विभिन्न भाषाका विद्यार्थीहरूले समूहगत रूपमा कार्यन्वयन गर्न मिल्ने गरी भौतिक व्यवस्थापन, श्रव्य-दृश्य डिजिटल सामग्रीको व्यवस्थापन पनि उत्तिकै आवश्यक हुन्छन् । तर बहुभाषिक मुलुक नेपालका सन्दर्भमा बहुभाषिक शिक्षाका (१२३ भाषामा) लागि पर्याप्त र प्रभावकारी पूर्वाधारको विकास चुनौतीपूर्ण रहेको देखिन्छ ।

### *मातृभाषामा शिक्षा सम्बन्धी एकीकृत नीति र कार्यान्वयनको अभाव*

मातृभाषामा शिक्षासम्बन्धी प्रावधान नेपाल सरकार र सरकार सम्बद्ध निकायले देड दर्जनभन्दा बढी संवैधानिक, कानुनी तथा नीतिगत दस्तावेजमा व्यवस्था गरेको पाइन्छ । तर एकीकृत रूपमा बहुभाषिक शिक्षा नीति निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने गराउने नीतिको अभाव देखिन्छ । योञ्जन-तामाङ (२०६९) का अनुसार गणतन्त्र स्थापनापूर्व नै विभिन्न सरकारी निकायहरूले मातृभाषामा शिक्षासँग सम्बन्धित कुरा १९ ओटा दस्तावेजमा उल्लेख गरेको छन् तर कार्यान्वयनमा उदासीन देखिन्छन् । मातृभाषामा शिक्षा सञ्चालनको जिम्मा स्थानीय तह, विद्यालय र सम्बन्धित समुदायलाई नै दिएकोछ । नेपाल सरकार र सम्बन्धित निकायका बिच सहयोग, समन्वय र सहकार्यको

अभावमा बहुभाषिक शिक्षा कार्यान्वयन चुनौतीपूर्ण रहेको देखिन्छ । एकातिर मातृभाषामा शिक्षालाई मौलिक हकका रूपमा स्थापित गरिएको छ भने अर्कातिर नर्सरीबाट नै अङ्ग्रेजी शिक्षणमा जोड दिइरहेको पाइन्छ । मातृभाषामा स्थानीय रूपमा पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गर्न पाउने प्रावधान भए पनि यसका लागि प्राविधिक र आर्थिक रूपले सहयोग गर्ने, अनुगमन गर्ने संयन्त्र र एकीकृत नीतिको अभाव रहेको छ ।

## निष्कर्ष

मातृभाषा हरेक समुदायको ढुकढुकी हो । यो परम्परागत ज्ञान, सामाजिक, सांस्कृतिक तथा जातीय पहिचानको धरोहर हो । मातृभाषाको लोप भयो भने सम्बन्धित भाषिक समुदायको पहिचान पनि लोप हुन्छ । त्यसैले विश्वव्यापी रूपमा संयुक्त राष्ट्र संघीय महासन्धिहरू मानव अधिकार, बालअधिकार, आदिवासी जनजाति अधिकार तथा विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरूमा मातृभाषामा शिक्षा सम्बन्धी प्रावधानमा सदस्य राष्ट्रहरूले हस्ताक्षर गरेका छन् । नेपालले पनि यस्ता अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा प्रतिबद्धता जनाउनुका साथै संवैधानिक, कानुनी तथा नीतिगत रूपमा मातृभाषामा शिक्षासम्बन्धी स्पष्ट व्यवस्था गरेको छ । तर मातृभाषामा शिक्षा अपेक्षा गरेअनुसार अगाडि बढ्न सकेको पाइँदैन । यसरी अपेक्षाकृत रूपमा अगाडि बढ्न नसक्नुमा मातृभाषाप्रति अभिभावकको अनिच्छा, एउटै कक्षामा बहुभाषिक विद्यार्थीको असमान वितरण, सम्बन्धित भाषा जानेका योग्य शिक्षकको अभाव, उपयुक्त पाठ्यसामग्रीको अभाव, दक्ष र तालिम प्राप्त जनशक्तिको अभाव, विगतको एकभाषिक नीतिको प्रभाव,  मानक चयनको समस्या, लिपिको समस्या, अभिभावकको अंग्रेजी मोह, पूर्वाधारको अभाव, एकीकृत नीति र कार्यान्वयनको अभाव जस्ता चुनौतीहरू विद्यमान रहेका पाइन्छन् । जहाँ इच्छा त्यहाँ उपाय भनेझैं बहुभाषिक शिक्षा सम्बद्ध सरोकारवाला सबैको समन्वय, सहकार्य र एकीकृत प्रयास भएमा मातृभाषामा शिक्षणमा देखिएका समस्याहरू समाधान गरी मातृभाषामा आधारित बहुभाषिक शिक्षाका माध्यमबाट गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ । त्रैभाषिक नीतिका आधारमा बालबालिकाहरूको सिकाइलाई प्रभावकारी बनाउन स्पष्ट मार्गचित्रसहित मातृभाषा, नेपाली र अङ्ग्रेजीको क्रम निर्धारण गर्नुपर्दछ । प्रारम्भिक कक्षामा बालबालिकाले नैसर्गिक रूपमा सिकेको, सहजै बुझ्ने र बोल्ने मातृभाषा भाषामा रमाइ रमाइ सिक्ने वातावरण निर्माणका लागि सम्बन्धित सबैले सोच्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०५९), भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

………………… (२०६२), सामाजिक र प्रायोगिक भाषाविज्ञान, काठमाडौं : रत्न पुस्तक भण्डार ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६९), नेपालको राष्ट्रिय जनगणना २०६८, काठमाडौं : लेखक ।

कानुन किताब व्यवस्था समिति (२०७५), नेपालको संविधान २०७२, काठमाडौं : लेखक ।

कानुन किताब व्यवस्था समिति (२०७५), शिक्षा ऐन २०२८, शिक्षक सेवा आगोग नियमावली २०५७ र शिक्षा नियमावली २०५९ (संशोधनसहित), काठमाडौं : लेखक ।

कानुन किताब व्यवस्था समिति (२०७६), स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठमाडौं : लेखक ।

तामाङ, अमृत योञ्जन (२०६९), बहुभाषिक शिक्षाका कुरा, टोकियो : तामाङ समाज जापान ।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०६७), बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६, काठमाडौं : लेखक ।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०७६), राष्ट्रिय शिक्षा नीति २०७६, काठमाडौं : लेखक । साभार : www.moe.gov.np

पाठ्यक्रम विकास केन्द्र (२०५७), प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ (कक्षा १-५), भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द (२०६२), प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२(कक्षा १-३), भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द (२०६३), राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५(कक्षा ४-५), भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द (२०६९), आधारभूत तह, (कक्षा ६-८), भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), आधारभूत तहको पाठ्यक्रम (कक्षा १-३) २०७६, भक्तपुर : लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६, भक्तपुर : लेखक

फ्याक, प्रेम (२०७५), शिक्षामा अंग्रेजी माध्यमको प्रयोग भ्रम र यथार्थ, शिक्षक मासिक, पुस, वर्ष ११, पूर्णाङ्क १२९ ।

बम, सुरेन्द्र कुमार (सन् २०१९), सुदूरपश्चिम प्रदेशको भाषिक स्थिति, त्रिभुवन युनिभर्सिटी जर्नल, भोलुम ३३ नं. १ : २५१-२६८ । DOI: https://doi.org/10.3126/tuj.v33i1.28698

............ (सन् २०१९), नेपालमा बहुभाषिक पाठ्यक्रम निर्माणको सान्दर्भिकता, सोताङ जर्नल, भोलुम १, (१) पृ. ३८-४५ ।

भाषा आयोग (२०७५), भाषा आयोगको प्रतिवेदन २०७५, काठमाडौं : लेखक ।

महर्जन, सत्यनारायण (२०७५), मातृभाषी शिक्षा केही प्रश्न र विकल्प, शिक्षक मासिक, पुस, वर्ष ११, पूर्णाङ्क १२९ ।

यादव, योगेन्द्रप्रसाद र ढकाल, दुविनन्द (२०६८), बहुभाषिक शिक्षा किन ?, प्रज्ञा, अङ्क १०६, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

यादव, योगेन्द्र प्रसाद (२०७४), नेपालमा बोलिने भाषा : सङ्कट र सम्भावना, साठी वर्षको भाषिक चर्चा, (पृ. ३१२-३३७) ।

राष्ट्रिय भाषा नीति सुझाव आयोग (२०५०), राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन २०५०

तथा नेपालको भाषिक स्थिति, काठमाडौं : लेखक

रिमाल, डिल्लीराम (२०७१), सामुदायिक विद्यालयका प्राथमिक तहमा भाषिक विविधताको सम्बोधन, विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय डीनको कार्यालय, कीर्तिपुर ।

रेग्मी, दानराज (सन् २०१७), नेपालमा भाषाहरूको स्थिति र भाषिक सर्वेक्षण : समीक्षात्मक विश्लेषण, गिपन, अङ्क ३:२ नोभेम्बर, काठमाडौं : भाषाविज्ञान केन्द्रीय विभाग ।

शिक्षा विभाग (२०६९), मातृभाषामा आधारित बहुभाषिक शिक्षा परिचय पुस्तिका २०६९, भक्तपुर : लेखक ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७२), नेपालमा बहुभाषिक शिक्षा शिक्षक स्वाध्ययन सामग्री २०७२, भक्तपुर : लेखक ।

सील, अमाण्डा, यादव, योगेन्द्रप्रसाद र कँडेल सदानन्द (२०७३), शिक्षणको माध्यम र शिक्षाका भाषाहरू नेपालमा शिक्षाका नीति, योजना र अभ्यासका लागि अबको बाटो, काठमाडौं : ट्रान्सेन्ड भिजन नेपाल ।

Phyak, P. B. (2011), Beyond the façade of language planning for Nepalese primary education: monolingual hangover, elitism and displacement of local languages? *Current Issues in Language Planning, 12* (2), 265-287. doi:10.1080/14664208.2011.584203

Rana, K. (2018). Retention of english language tension in multilingual communities of Nepal : A review of teachers' narratives. *Journal of NELTA,* 23 (1-2), 40-53.

Saud, M.S. (2020). English medium public schools in Nepal: A new linguistic market in education. *LLT Journal: A Journal on Language and Language Teaching*, *23*(2), 319-333.